// नेपाल राजपत्र

नेपाल सरकारद्धारा प्रकाशित

खण्ड ५८) काठमाडौं, भदौ ३० गते २०६५ साल (संख्या २३

# भाग ३

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उडडयन मन्त्रालयको

सूचना

## जलयात्रा (पहिलो संशोधन) नियमावली, २०६४

जलयात्रा नियमावली, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

पर्यटन ऐन, २०३५ को दफा ५६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम “जलयात्रा (पहिलो संशोधन) नियमावली, २०६४” रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२ **जलयात्रा नियमावली, २०६३ को नियम ५ मा संशोधन** : जलयात्रा नियमावली, २०६३ (यस पछि "मूल नियमावली"भनिएको) को नियम ५ को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :-

"(४) उपनियम (३) बमोजिमको अवधिभित्र इजाजत पत्र लिन नसकेका र्‍याफ्टिङ्ग एजेन्सीले यो नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र इजाजत पत्र लिनुपर्ने छ।"

३. **मूल नियमावलीमा नियम २८क. थप** :– मूल नियमावलीको नियम २८ पछि देहायको नियम २८क. थपिएको छ –

"**२८क. निर्देशिका बनाई लागू गर्न सक्ने** :– जलयात्रा सम्बन्धी व्यवसायलाई व्यवस्थित रुपमा संचालन गर्ने सम्बन्धमा मन्त्रालयले ऐन र यस नियमावलीको अधीनमा रही आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ।"

४. **मूल नियमावलीको अनुसूचीमा संशोधन** : मूल नियमावलीको अनुसूची–५ को सट्टा देहायको अनुसूची–५ राखिएको छ :–

**"अनुसूची–५**
**(नियम १९ संग सम्बन्धित)**
जलयात्रा व्यवसायी र कामदार बीच भएको करार

... .... .... .... .... को छोरा/छोरी/श्रीमती ... .... जिल्ला .. ... ...... गा.वि.स. /नगरपालिका .... वाड नं. ....... बस्ने बर्ष ... को श्री /श्रीमती/सुश्री ..... .... लाई नेपाल सरकारबाट अनुमति प्राप्त ........ ...... नदीको . ....खण्डमा मिति ...... ..... देखि .. .... ...सम्म .... दिनको लागि देहायका सुबिधा दिने गरी जलयात्रा सम्बन्धी काममा लगाउन र सो कार्य गर्न हामी जलयात्रा व्यवसायी तथा कामदार बीच सहमती भएकोले यो करार गरेका छौं।

सुविधाहरु

१ ...  ....  ....
२ ....  .......  .....
३ ....  ....  .....

<u>कामदार</u> ...... ..... .... <u>जलयात्रा व्यवसायीको</u>

तर्फबाट

| | |
|---|---|
| नामः– | नामः– |
| सहीः– | सहीः– |
| ठेगानाः– | पदः– |
| | कार्यालयः– |
| | ठेगानाः– |

ईति संवत् .... साल ...महिना.......गते रोज ....शुभम् ।”

आज्ञाले,
लीलामणि पौड्याल
नेपाल सरकारको सचिव